# सान्नीत्रिवेणी गाउँपालिकाको
# विनियोजन ऐन, २०८२

प्रस्तुत मितिः २०८२/०३/१०

पारित मितिः २०८२/०३/१०

सान्नीत्रिवेणी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

मेहलमुडी, कालीकोट

कर्णाली प्रदेश, नेपाल

नियम सङ्ख्याः १/२०८२/०८३

कार्यपालिकाबाट स्वीकृत मितिः २०८२/०३/१०

# सान्नी त्रिवेणी गाउँपालिको विनियोजन ऐन. २०८२


सान्नी त्रिवेणी गाउँपालिका

मेहलमुडी.कालीकोट

कर्णाली प्रदेश,नेपाल

# <u>आर्थिक वर्ष २०८२/०८३ को सेवा र कार्यको लागि स्थानीय सञ्चित कोषबाट रकम विनियोजन र खर्च गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको</u>

# <u>विधेयक</u>

गाउँसभाबाट स्वीकृत मिति २०८२/०३/१०

<u>प्रस्तावना:</u> आर्थिक वर्ष २०८२/८३ को सेवा र कार्यको लागि स्थानीय सञ्चित कोषबाट व्यय हुने रकम विनियोजन गर्ने र खर्च गर्ने अधिकार दिन वाञ्छनीय भएकाले,

नेपालको संविधानको धारा २२९ को उपधारा २ बमोजिम सान्नीत्रिवेणी गाउँसभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "सान्नीत्रिवेणी गाउँपालिकाको विनियोजन ऐन, २०८२" रहेको छ।

(२) यो ऐन संवत् २०८२ साल साउन १ गतेदेखि प्रारम्भ हुनेछ।

२. **आर्थिक वर्ष २०८२/८३ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः** (१) आर्थिक वर्ष २०८२/८३ को निमित्त गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरूका निमित्त अनुसूची १ मा उल्लिखित चालु खर्च, पूँजीगत खर्च र वित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रू. **४१९२६२०४१.४६** (अक्षरुपी एकचालिस करोड बयानब्बे लाख बैसठ्ठी हजार एकचालिस रुपैयाँ छयालिस पैसा) नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।

३. **विनियोजनः-** (१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८२/८३ मा सान्नीत्रिवेणी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरूको निमित्त विनियोजन गरिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरूको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ। यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढि शीर्षकहरूबाट अर्को एक वा एक भन्दा बढि शीर्षकहरूमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ। पूँजीगत खर्च र वित्तीय व्यवस्था तर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालु खर्च शीर्षक तर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ विनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन।

तर चालु तथा पूँजीगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढि शीर्षकहरूमा रकम सार्न परेमा गाउँसभाको स्वीकृति लिनु पर्नेछ।

अनुसूची - १
(दफा २ सँग सम्बन्धित)
नेपालको संविधानको धारा २२९ (२) बमोजिम
सञ्चित कोषबाट विनियोजन हुने रकम

| क्र. सं | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजीगत खर्च | वित्तीय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १ | | गाउँ कार्यपालिका | ३०१६३२१७३.४६ | ७०३८९८६८ | | ३७२०२२०४१.४६ |
| २ | | वडा समिति | ३२४०००० | २०७००००० | | २३९४०००० |
| ३ | | विषयगत शाखा | २३३००००० | | | २३३००००० |
| ४ | | ऋणको साँवा व्याज भुक्तानी | | | | |
| ५ | | लगानी (शेयर/ऋण) | | | | |
| जम्मा | | | | | | ४१९२६२०४१.४६ |